सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा (५) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको

आ. व. २०८२/८३

# पहिलो त्रैमासिक (श्रावण-भदौ) को मन्त्रालय सम्वद्ध अद्यावधिक सूचना विवरण

## स्वतः प्रकाशन
**(Pro-Active Disclosure)**


नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं
फोनः ०१-४२०००८२, इमेलःinfo@mowcsc.gov.np


२०८२ कार्तिक

# विषयसूची

**क्र.स.** **विवरण**


क. मन्त्रालयको स्वरुप र प्रकृति

ख. मन्त्रालयको काम कर्तव्य र अधिकार

ग. मन्त्रालयको सङ्गठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरण

घ. मन्त्रालयबाट प्रदान गरिने सेवा

ङ. सेवा प्रदान गर्ने मन्त्रालयका शाखा र जिम्मेवार अधिकारी

च. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

छ. निवेदन उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

ज. निर्णय उपर उजुरी सुन्ने अधिकारी

झ. सम्पादन भएका मुख्य कार्यहरुको विवरण

ञ. सूचना अधिकारी र प्रमुखको नाम र पद

ट. ऐन, नियम, विनियम, निर्देशिका, आदेश, कार्यविधि र मापदण्ड

## क. <u>मन्त्रालयको स्वरुप र प्रकृतिः</u>

महिला, बालबालिका, वृद्ध र अनाथहरूको सशक्तीकरण एवं कल्याणसम्बन्धी कार्य गर्न आवश्यक राष्ट्रिय नीति, योजना र कार्यक्रम तयार गरी सम्बन्धित सबै निकायसँग समन्वय राखी कार्यान्वियन गराउने मुख्य कार्य जिम्मेवारीसहित तत्कालीन शिक्षा तथा समाजकल्याण मन्त्रालयमा रहेको समाजकल्याणको कार्यक्षेत्रसमेत सम्पादन गर्ने गरी वि.सं.२०५२ साल असोज ६ गते महिला तथा समाजकल्याण मन्त्रालयको स्थापना भएको हो। वि.स. २०५७ मा बालबालिका थप भई मन्त्रालयको नाम महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय रहेको छ। यसैगरी २०७४ सालमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय नाम रहन गएको छ। यस मन्त्रालय अन्तर्गत निम्न निकायहरू पर्दछन् :

- राष्ट्रिय बाल अधिकार परिषद्,
- पशुपति वृद्धाश्रम, काठमाडौं,
- बाल सुधार गृह, रुपन्देही,
- बाल सुधार गृह, पर्सा,
- बाल सुधार गृह, डोटी,
- बाल सुधार गृह, नौवस्ता, बाँके,
- बाल सुधार गृह, मकवानपुर,
- बाल सुधार गृह, भक्तपुर,
- बाल सुधार गृह, जयन्दु,बाँके
- बाल सुधार गृह, कास्की,
- बाल सुधार गृह, मोरङ्ग,

साथै समाज कल्याण परिषद् तथा राष्ट्रिय महिला आयोगको सम्पर्क निकायको रुपमा समेत मन्त्रालय रही आएको छ।

## ख. <u>मन्त्रालयको काम, कर्तव्य र अधिकारः</u>

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको कार्यक्षेत्र देहाय बमोजिम रहेको छः-

१. महिला हक एवं सशक्तीकरण सम्बन्धी नीति, कानून र मापदण्ड
२. अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री
३. महिला हिंसा,मानब बेचबिखन तथा ओसारपसार नियन्त्रण
४. जेष्ठ नागरिक, बालबालिका र अपाङ्गता भएका ब्यक्ति सम्बन्धी
५. महिला सशक्तीकरण तथा लैंगिक समानताका विषयमा अध्ययन, अनुसन्धान
६. लैंगिक हिंसा सम्बन्धी निरोधात्मक र पुनर्स्थापना सम्बन्धी नीति,कानुन र मापदण्ड
७. बालबालिका, बालकल्याण, उद्दार पुनस्थापना र वृद्धाश्रम सम्बन्धी नीति,कानुन र मापदण्ड
८. गैरसरकारी संस्था सम्बन्धी नीति,कानुन र मापदण्ड, नियमन र अनुगमन
९. राष्ट्रिय महिला आयोग
१०. समाज कल्याण परिषद्

११. मन्त्रालय सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्था सन्धि,सम्झौता अभिसन्धि,सम्पर्क र समन्वय
१२. मन्त्रालय सम्बन्धी सार्बजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको संचालन र नियमन ।

## ग. मन्त्रालयको सङ्गठन संरचना, कर्मचारी संख्या एवं कार्य विवरणः-

### 1. संगठन संरचना



**बाल संरक्षण तथा विकास शाखा**
उ.स.रा.प.द्धि. (प्र)-१
शा.अ.रा.प.तृ. (प्र)-१
म.वि.अ.रा.प.तृ. (वि)-१

## २. कर्मचारी विवरण

| क्र.सं. | पद नाम | श्रेणी | सेवा | समूह | मौजुदा दरवन्दी | कुल कायम हुने दरवन्दी |
|---|---|---|---|---|---|---|
| १. | सचिव | विशिष्ट श्रेणी | प्रशासन | | १ | १ |
| २. | सह सचिव | रा.प. प्रथम श्रेणी | प्रशासन | सामान्य प्रशासन | ३ | ३ |
| ३. | उप सचिव | रा.प. द्वितीय श्रेणी | प्रशासन | सामान्य प्रशासन | ८ | ८ |
| ४. | प्रमुख म. वि.अ | रा.प. द्वितीय श्रेणी | विविध | महिला विकास | ३ | ३ |
| ५. | निर्देशक | रा.प. द्वितीय श्रेणी | आ. यो. | जेनेरल | १ | १ |

| क.सं. | पद नाम | श्रेणी | सेवा | समूह | मौजुदा दरवन्दी | कुल कायम हुने दरवन्दी |
|---|---|---|---|---|---|---|
| | | | तथा तथ्याङ्क | स्टाटिक्स | | |
| ६. | उप सचिव | रा.प. द्वितीय श्रेणी | प्रशासन | लेखा | १ | १ |
| ७. | उप सचिव | रा.प. द्वितीय श्रेणी | न्याय | कानून | १ | १ |
| ८. | शाखा अधिकृत | रा.प. तृतीय श्रेणी | प्रशासन | सामान्य प्रशासन | १२ | १२ |
| ९. | शाखा अधिकृत | रा.प. तृतीय श्रेणी | न्याय | कानून | १ | १ |
| १०. | म. वि. अ. | रा.प. तृतीय श्रेणी | विविध | महिला विकास | ९ | ९ |
| ११. | लेखा अधिकृत | रा.प. तृतीय श्रेणी | प्रशासन | लेखा | १ | १ |
| १२. | क. ई. | रा.प. तृतीय श्रेणी | विविध | | १ | १ |
| १३. | नायब सुब्बा | रा.प. अनं. प्रथम श्रेणी | प्रशासन | सामान्य प्रशासन | १० | १० |
| १४. | कम्प्युटर अपरेटर | रा.प. अनं. प्रथम श्रेणी | विविध | | ४ | ४ |
| १५. | म. वि. नि. | रा.प. अनं. प्रथम श्रेणी | विविध | | ७ | ९ |
| १६. | लेखापाल | रा.प. अनं. प्रथम श्रेणी | प्रशासन | लेखा | १ | १ |
| १७. | टा.ना.सु. | रा.प. अनं. प्रथम श्रेणी | प्रशासन | सामान्य प्रशासन | १ | ३ |
| १८. | पु.स. | रा.प. अनं. प्रथम श्रेणी | शिक्षा | पुस्तकालय विज्ञान | १ | १ |
| १९. | स.म.वि.नि | रा.प. अनं. द्वितिय श्रेणी | विविध | | १ | १ |
| २०. | कार्यालय सहयोगी | श्रेणी विहिन | | | १४ | १४ |
| २१. | ह. स. चा. | श्रेणी विहिन | | | ८ | ८ |
| | | | | **जम्मा** | ८९ | ९३ |

## ३. कार्य विवरण

**प्रशासन महाशाखाः-**

- मन्त्रालयको कार्यक्षेत्र सम्बन्धी विद्यमान नीति तथा योजना तयारीको समन्वय, बाल संरक्षण तथा विकास सम्बन्धी कार्य र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य,
- मन्त्रालय र अन्तर्गतका निकायबाट संचालन हुने आयोजना/कार्यक्रमहरुको बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन सम्बन्धी कार्य, संचालित कार्यक्रमहरु तथा निकायहरुको अनुगमन तथा मूल्यांकन सम्बन्धी कार्य,
- मन्त्रालयसँग सम्बन्धित सूचना एवं तथ्यांक अद्यावधिक एवं प्रकाशन सम्बन्धी कार्य,

- आन्तरिक प्रशासन र कर्मचारी प्रशासन सम्बन्धी कार्यहरु,
- निजामती सेवा ऐन, नियमावली अनुसार कर्मचारीहरुलाई दिइने सुविधा, पुरस्कार र विभागीय कारवाही सम्बन्धी कार्य,
- महाशाखा अन्तर्गत रहेका विषयहरुको अध्ययन तथा अनुसन्धान,
- मन्त्रालयको संगठन संरचना, दरवन्दी, कर्मचारीको कार्य विवरण तयार गर्ने तथा अद्यावधिक गर्ने,
- स्वदेशी तथा विदेशी छात्रवृत्ति एवं वैदेशिक भ्रमणका लागि संभाव्य उम्मेदवारको सूची तयार गर्ने सम्बन्धी कार्य,
- आर्थिक प्रशासन सम्बन्धी कार्यहरु,
- बेरुजुको लगत अद्यावधिक गर्ने, गर्न लगाउने तथा फछ्र्यौट सम्बन्धी कार्य,
- मन्त्रालयको वेवसाइट अद्यावधिक सम्बन्धी कार्य,
- मन्त्रालय अन्तर्गतका निकायहरुमा शुरु नियुक्तिको कारवाही सम्बन्धी कार्य,
- मन्त्रालयको प्रगति विवरण र प्रतिबेदन प्रकाशन सम्बन्धी कार्य,
- मन्त्रालयको विषय क्षेत्रसंग सम्बन्धित सेवा, समूह र उपसमूहको सञ्चालन सम्बन्धी कार्य,
- मन्त्रालय मातहतका संस्थान, प्राधिकरण, समिति, परिषद्, प्रतिष्ठान, कम्पनी आदिका पदाधिकारी नियुक्ति एवं कारबाही सम्बन्धी समन्वय तथा सहजीकरण गर्ने सम्बन्धी कार्य,
- मन्त्रालयको विषय क्षेत्रसंग सम्बन्धित सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको समन्वय तथा नियमन सम्बन्धी कार्य,
- मन्त्रालयको भौतिक सम्पतिको सुरक्षा, मर्मत संभार आदि कार्य,
- अन्य तोकिए बमोजिमका कार्यहरु।

**अ. कर्मचारी प्रशासन शाखा**

- कर्मचारीहरुलाई आन्तरिक तथा बाह्य तालिममा मनोनयन सम्बन्धी आवश्यक कार्यहरु,
- मन्त्रालय र अन्तर्गतका निजामती कर्मचारीहरुको नियुक्ति, काज ,बढुवा, विदा ,प्रोत्साहन, पुरस्कार र विभागीय कारबाही सम्बन्धी कार्यहरु,
- मन्त्रालयसंग सम्बन्धित पदहरूको सिर्जना एवं पूर्तिका लागि आवश्यक प्रारम्भिक कार्यहरु
- कर्मचारीहरुको व्यक्तिगत विवरण अद्यावधिक राख्ने सम्बन्धी कार्य,
- प्रशासन शाखासंग सम्बन्धित मन्त्रिपरिषदमा पठाउनु पर्ने प्रस्ताव तयार गर्ने कार्य,
- मन्त्रालयको भौतिक साधनहरुको सुरक्षा पालोपहरा, मर्मत सम्भार, सवारी साधनको खटन पटन, क्यान्टिन व्यवस्थापन, सम्पत्ति संरक्षण, सरसफाई र स्टोर व्यवस्थापन आदी ,
- छात्रवृति ,तालिम, अवलोकन भ्रमण ईत्यादि सम्बन्धमा मनोनयनको व्यवस्थापन सम्बन्धी कार्य,
- जनसम्पर्क, दर्ता चलानी सम्बन्धि कार्यलाई सुव्यवस्थित बनाउने,
- मन्त्रालयमा परेका उजुरीहरुको कारबाही सम्बन्धी कार्य,
- शाखाको वार्षिक कार्यक्रम तर्जुमा र कार्यान्वयन सम्बन्धी कार्य,
- मन्त्रालयको संगठन संरचना, दरवन्दी र कर्मचारीको कार्य विवरण तयार गर्ने तथा अध्यावधिक गर्ने,

- स्वदेशी तथा विदेशी छात्रवृत्तिमा अध्ययन भ्रमण एवं शैक्षिक भ्रमणका लागि सम्भाव्य उम्मेद्वारको सूची तयार गर्ने सम्बन्धी कार्य,
- शाखाको प्रगति विवरण तयार गर्ने सम्बन्धी कार्य,
- मन्त्रालय अन्तर्गत स्वीकृति लिई काम गर्न आउने विदेशी देशीय प्रतिनिधिहरुको कार्य सहमति र भिसा सिफारिस सम्बन्धी कार्य (संघसंस्था समन्वय शाखामा परेका अधिकार बाहेक),
- शाखामा कार्यरत आफु मातहतका कर्मचारीको सुपरिवेक्षक भई कार्यसम्पादन मूल्याङ्कन तथा कर्मचारी परिचालन सम्बन्धी कार्य,
- आफ्नो शाखाबाट सम्पादन भएका मुख्य-मुख्य विषयको सूचना मन्त्रालयका प्रवक्तालाई उपलब्ध गराउने सम्बन्धी कार्य,
- अख्तियारवालाले दिएको निर्देशन अनुसारको कार्य,
- प्रत्यायोजित अधिकार अनुसारको कार्य,
- मन्त्रालयको अन्य प्रशासनिक कार्यहरू,

**आ. आर्थिक प्रशासन शाखा**

- वार्षिक बजेट तर्जुमामा सहयोग र सहकार्य,
- स्वीकृत बजेट कार्यान्वयनमा सहजता ल्याउन आवश्यक कार्य,
- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३२(३) अनुसार बजेट निकासा माग,
- मन्त्रालयको स्वीकृत दरबन्दी भित्र रही कार्यरत कर्मचारीहरुको तलवी प्रतिवेदन स्वीकृत र सोही अनुसार भुक्तानी,
- नियमानुसार खर्च लेख्ने,पेश गर्ने ,
- मन्त्रालयबाट मातहतका निकायमा दिने बजेट  खर्च गर्ने अख्तियारी तयार गर्ने,
- विनियोजन, राजस्व, धरौटी, विविध तर्फ खर्चको श्रेस्ताहरु दुरुस्त राखी मासिक रुपमा सम्बन्धित निकायमा खर्चको फाँटबारी पठाउने र वार्षिक रुपमा आर्थिक विवरण तयार गरी को.ले.नि.का.बाट प्रमाणित गराउने, सम्बन्धी कार्य,
- लेखा परीक्षण गराउने र लेखा परीक्षणबाट औंल्यइएको बेरुजु फछ्र्यौटको लागि प्रमाण जुटाई सम्परीक्षणका लागि पेश गर्ने सम्बन्धी कार्य,
- मातहतका निकायहरुको वार्षिक आय व्ययको हिसाव एकिकृत गरी केन्द्रीय आर्थिक विवरण तयार गरी म.ले.नि.का. र म.ले.प. पठाउने सम्बन्धी कार्य गर्ने,
- आर्थिक प्रशासनको राय माग भई आएका फाइलहरुमा राय पेश गर्ने ,
- राजस्व धरौटीको विवरण तयार गर्ने र सम्बन्धित निकायहरुमा पठाउने व्यवस्था सम्बन्धी कार्य,
- मन्त्रालयमा आवश्यक खरिद हुने सामाग्रीको अनुगमन गरी (खर्च भएर जाने/ नजाने) व्यवस्थापन सम्बन्धी कार्य,
- नेपाल सार्वजनिक लेखामानमा आधारित प्रतिबेदन तयार गर्ने सम्बन्धी कार्य,

- आफ्नो शाखा अन्तर्गतका स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन तथा प्रगति प्रतिबेदन सम्बन्धी कार्य,
- मन्त्रालय र अन्तर्गतको बजेटको विनियोजन तथा कार्यान्वयन दक्षता बढाउने सम्बन्धी कार्य,
- शाखामा कार्यरत आफु मातहतका कर्मचारीको सुपरिवेक्षक भई कार्यसम्पादन मूल्याङ्कन तथा कर्मचारी परिचालन सम्बन्धी कार्य,
- आफ्नो शाखाबाट सम्पादन भएका मुख्य-मुख्य विषयको सूचना मन्त्रालयका प्रवक्तालाई उपलब्ध गराउने सम्बन्धी कार्य
- अख्तियारवालाले दिएको निर्देशन अनुसारको कार्य,
- प्रत्यायोजित अधिकार अनुसारको कार्य,

**इ. नीति, योजना, तथा अनुगमन शाखा**

- मन्त्रालयसँग सम्बन्धित विषयहरु सम्बन्धी नीति, आवधिक योजना तथा कार्यक्रमहरु बारे शुरु कारवाही तथा समन्वय सम्बन्धी कार्य,
- नेपाल सरकारको स्वीकृत नीति अनुरुप प्राप्त बजेट सिलिङ्ग भित्र रही बार्षिक कार्यक्रम तर्जुमा मध्यकालीन, पूँजीगत तर्फको कार्यक्रम संशोधन र रकमान्तर सम्बन्धी कार्य,
- स्वीकृत कार्यक्रममा संशोधन सम्बन्धमा माग भएको बिषयमा राय दिने सम्बन्धी कार्य,
- प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगमा आवधिक रुपमा माग भए बमोजिम पठाउनुपर्ने विवरण उपलब्ध गराउने सम्बन्धी कार्य,
- नीति, योजना तथा कार्यक्रम शाखाको बार्षिक कार्यक्रम तर्जुमा एवं कार्यान्वयन सम्बन्धी कार्य,
- आवधिक प्रगति समिक्षा बैठक सम्बन्धी कार्य,
- मन्त्रालयस्तर विकास समस्या समाधान समितिको बैठक तथा प्रतिबेदन तयार सम्बन्धी कार्य,
- शाखाको प्रगति विवरण तयार गर्ने सम्बन्धी कार्य ,
- मन्त्रालय र अन्तर्गतका निकायबाट सञ्चालित कार्यक्रमको अनुगमन तथा प्रतिबेदन सम्बन्धी कार्य,
- शाखाको काम सम्बन्धी अध्ययन, अनुसन्धान सम्बन्धी कार्य,
- शाखामा कार्यरत आफु मातहतका कर्मचारीको सुपरिवेक्षक भई कार्यसम्पादन मूल्याङ्कन तथा कर्मचारी परिचालन सम्बन्धी कार्य,
- आफ्नो शाखाबाट सम्पादन भएका मुख्य-मुख्य विषयको सूचना मन्त्रालयका प्रवक्तालाई उपलब्ध गराउने सम्बन्धी कार्य
- अख्तियारवालाले दिएको निर्देशन अनुसारको कार्य,
- प्रत्यायोजित अधिकार अनुसारको कार्य,

**ई. बाल संरक्षण तथा विकास शाखा**

- बालबालिका सम्बन्धी कानूनको अवधारणा पत्र र मापदण्ड तयार गर्ने सम्बन्धी कार्य,
- शाखासंग सम्बन्धित नीति, योजना तथा कार्यक्रम तयारीको शुरु कारबाही तथा कार्यान्वयन सम्बन्धी कार्य,
- शाखासंग सम्बन्धित स्वीकृत योजना तथा कार्यक्रम कार्यान्वयन तथा प्रगति प्रतिवेदन पेश गर्ने सम्बन्धी कार्य ,
- बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी गैरसरकारी क्षेत्रका संस्थाहरुसंग समन्वय गरी बालबालिकाको हक अधिकारको विषयसंग सम्बन्धित सवालहरुमा समन्वय तथा सहजीकरण गर्ने सम्बन्धी कार्य,
- बालबालिका सम्बन्धी राष्ट्रिय एवं अन्तरराष्ट्रिय दिवस मनाउन समन्वय र सहकार्य गर्ने सम्बन्धी कार्य,
- नेपाल पक्ष भएका बालबालिकासंग सम्बन्धित अन्तरराष्ट्रिय तथा क्षेत्रीय सन्धि सम्झौता अन्तर्गतका दायित्व कार्यान्वयन सम्बन्धी कार्यहरुको समन्वय र अनुगमन सम्बन्धी कार्य,
- जोखिममा रहेको बालबालिकाको उद्धार,पुनर्स्थापना र संरक्षण सम्बन्धी कार्य ,
- बालगृह,नीति कानून र मापदण्ड तयार गर्न शुरु कारवाही गर्ने सम्बन्धी कार्य बाल सुधार गृह सम्बन्धी ,

- धर्मपुत्र, धर्मपुत्री सम्बन्धी कार्य,
- शाखामा कार्यरत आफु मातहतका कर्मचारीको सुपरिवेक्षक भई कार्यसम्पादन मूल्याङ्कन तथा कर्मचारी परिचालन सम्बन्धी कार्य,
- आफ्नो शाखाबाट सम्पादन भएका मुख्य-मुख्य विषयको सूचना मन्त्रालयका प्रवक्तालाई उपलब्ध गराउने सम्बन्धी कार्य
- अख्तियारवालाले दिएको निर्देशन अनुसारको कार्य,
- प्रत्यायोजित अधिकार अनुसारको कार्य,

**उ. कानून तथा फैसला कार्यान्वयन शाखा**

- मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने विषयहरुमा आवश्यकताका आधारमा सम्बन्धित ऐन तथा नियमहरुको मस्यौदा तयार गर्ने सम्बन्धी कार्य,
- मन्त्रालयको कायक्षेत्रभित्र पर्ने विषयमा नीति, कार्यविधि निर्माण सम्बन्धी कार्य,
- मन्त्रालयमा सम्बन्धित निर्णयकर्तालाई आवश्यक परेका कानूनी विषयमा राय, सल्लाह उपलव्ध गराउने सम्बन्धी कार्य,
- मन्त्रालय पक्ष वा विपक्ष भएका मुद्धा मामिला सम्बन्धमा आवश्यक कारवाही सम्बन्धी कार्य,
- मन्त्रालयको विरुद्ध परेको रिट निवेदनमा भएका आदेशानुसार लिखित जवाफ तयार गर्ने सम्बन्धी कार्य,
- मन्त्रालयको नामबाट नेपाल राजपत्रमा प्रकाशित गराउनु पर्ने सूचनाहरु प्रकाशन गराउने सम्वन्धमा आवश्यक कार्य,
- शाखाको स्वीकृत कार्यक्रम कार्यान्वयन तथा कार्य प्रगति प्रतिवेदन पेश गर्ने सम्बन्धी कार्य,
- मन्त्रालयको कार्यक्षेत्रमा भएका फैसलाहरुको कार्यान्वयन गर्ने सम्बन्धी कार्य,
- शाखामा कार्यरत आफु मातहतका कर्मचारीको सुपरिवेक्षक भई कार्यसम्पादन मूल्याङ्कन तथा कर्मचारी परिचालन सम्बन्धी कार्य,
- आफ्नो शाखाबाट सम्पादन भएका मुख्य-मुख्य विषयको सूचना मन्त्रालयका प्रवक्तालाई उपलब्ध गराउने सम्बन्धी कार्य
- अख्तियारवालाले दिएको निर्देशन अनुसारको कार्य,
- प्रत्यायोजित अधिकार अनुसारको कार्य,

**समाज कल्याण  तथा संघसंस्था समन्वय महाशाखा**

- अपांगता अधिकार प्रवर्द्धन सम्बन्धी कार्य, ज्येष्ठ नागरिक संरक्षण सम्बन्धी कार्य, संघसंस्था समन्वय सम्बन्धी कार्य ।
- ज्येष्ठ नागरिक ,अपंगता भएका व्यक्तिहरु र समाज कल्याण सम्बन्धी नीति, कानून र मापदण्ड सम्बन्धी कार्य,
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासम्बन्धी नीति, कानून, मापदण्ड, नियमन र अनुगमन सम्बन्धी कार्य,
- समाज कल्याण परिषद्का पदाधिकारीहरुको नियुक्ति र कारबाहीबाहेक अन्य समन्वय र संस्थाको कारबाही सम्बन्धी सम्पूर्ण कार्य,
- महाशाखा अन्तर्गत रहेका विषयहरुको अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्य,
- महाशाखा अन्तर्गत परेका राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय सम्बन्धी कार्य,
- अन्तरदेशीय धर्मपुत्र, धर्मपुत्री सम्बन्धी कार्यहरु गर्ने गराउने सम्बन्धी कार्य ।
- संघसंस्था दर्ता सम्बन्धमा मन्त्रालयको राय उपलब्ध गराउने सम्बन्धी कार्य ,
- विभिन्न संघसंस्थाहरुले उपहारमा ल्याएका सामानहरुको आयात इजाजत, भन्सार महसुल तथा मूल्यअभिवृद्धि कर छुटको लागि मन्त्रालयको तर्फबाट सिफारिस गर्ने सम्बन्धी कार्य,
- नेपालमा काम गर्ने अन्तराष्ट्रिय गैर सरकारी संस्थामा कार्यरत विदेशी प्रतिनिधि ,परामर्शदाताहरु तथा स्वयंसेवक एवं तिनको परिवारका सदस्य समेतलाई कार्य सहमति तथा प्रवेश आज्ञाको लागि मन्त्रालयको तर्फबाट सिफारिस सम्बन्धी कार्य,
- जोखिममा रहेका बालबालिका अपांगता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरुको संरक्षण सम्बन्धी कार्य,
- महाशाखा अन्तर्गत रहेका विषयहरुमा कानूनद्वारा स्थापित कोषहरुको व्यवस्थापन सम्बन्धी कार्य,
- महाशाखा अन्तर्गत स्वीकृत वार्षिक कार्यक्रममा बिनियोजित बजेटको अधिनमा रही खर्चको बाँडफाँड स्वीकृत गर्ने ,खर्च गर्ने निर्णय गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने/ गराउने एवं अनुगमन गर्ने कार्य,
- अन्य तोकिए बमोजिमका कार्यहरु,

**अ. संघ संस्था समन्वय शाखा**

- शाखासँग सम्वन्धित नीति, योजना, कार्यक्रम तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य
- अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरु सम्बन्धी नीति, मापदण्ड कानून पालनाको अनुगमन सम्बन्धी
- समाज कल्याण परिषदका पदाधिकारी नियुक्ति र कारबाही बाहेक अन्य समन्वय र संस्थाको कारबाही सम्बन्धी कार्य,
- अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका साधारण तथा परियोजना प्रस्तावहरु सहजीकरण सम्बन्धी कार्य,
- सहजीकरण समितिको सचिवालयको कार्य,
- सहजीकरण समितिका संयोजकको निर्देशनमा समितिको बैठक सञ्चालन,निर्णयको अभिलेख राख्ने सम्बन्धी कार्य ,

- अन्तरराष्ट्रिय गैर सरकारी संस्थाका स्वीकृत सम्झौता अनुसार त्यस्ता संस्थामा काम गर्न आउने विदेशी देशीय प्रतिनिधि, परामर्शदाता र स्वयंसेवकहरुको कार्य सहमति र भिसा सिफारिश सम्बन्धी कार्य,
- संस्थाहरुले प्राप्त गर्ने सामाग्रीमा भन्सार, कर छुट तथा आयात इजाजत सम्बन्धी सिफारिस कार्य,
- नयाँ संस्था दर्ता गर्दा राय माग भएकोमा पेश गर्ने सम्बन्धी कार्य,
- शाखाको प्रगति विवरण तयार गर्ने सम्बन्धी कार्य ,
- शाखामा कार्यरत आफु मातहतका कर्मचारीको सुपरिवेक्षक भई कार्यसम्पादन मूल्याङ्कन तथा कर्मचारी परिचालन सम्बन्धी कार्य,
- आफ्नो शाखाबाट सम्पादन भएका मुख्य-मुख्य विषयको सूचना मन्त्रालयका प्रवक्तालाई उपलब्ध गराउने सम्बन्धी कार्य
- अख्तियारवालाले दिएको निर्देशन अनुसारको कार्य,
- प्रत्यायोजित अधिकार अनुसारको कार्य,

**आ. ज्येष्ठ नागरिक संरक्षण शाखा**

- ज्येष्ठ नागरिक सम्बन्धी कानून, मापदण्ड निर्माण नियम र अनुगमन सम्बन्धी कार्य,
- ज्येष्ठ नागरिक सम्बन्धी नीति,योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य
- ज्येष्ठ नागरिकसंग सम्बन्धित विषयहरुको अध्ययन, अनुसन्धान, समन्वय तथा सर्वेक्षण सम्बन्धी कार्य,
- ज्येष्ठ नागरिक सम्बन्धी राष्ट्रिय एवं अन्तरराष्ट्रिय दिवश मनाउन समन्वय र सहकार्य,
- ज्येष्ठ नागरिकहरुको हक़हित र सामाजिक सुरक्षाको व्यवस्था सम्बन्धमा अन्य सम्बद्ध निकायहरुसंग समन्वय,
- जेष्ठ नागरिक कल्याण समिति सम्बन्धी कार्य,
- जोखिममा रहेका ज्येष्ठ नागरिकहरुको संरक्षण सम्बन्धी कार्यक्रमहरु सञ्चालन सम्बन्धी कार्य ,
- शाखाको प्रगति प्रतिबेदन तयार गर्ने सम्बन्धी कार्य,
- ज्येष्ठ नागरिक आश्रय स्थलहरु सम्बन्धी नीति,पदण्ड तयार गर्ने सम्बन्धी कार्यकानून र मा ,
- ज्येष्ठ नागरिकको जीवनयापनलाई सहज बनाउन ज्येष्ठ नागरिक मिलनकेन्द्र स्थापना र सञ्चालन सम्बन्धी कार्य,
- शाखामा कार्यरत आफु मातहतका कर्मचारीको सुपरिवेक्षक भई कार्यसम्पादन मूल्याङ्कन तथा कर्मचारी परिचालन सम्बन्धी कार्य,
- आफ्नो शाखाबाट सम्पादन भएका मुख्य-मुख्य विषयको सूचना मन्त्रालयका प्रवक्तालाई उपलब्ध गराउने सम्बन्धी कार्य
- अख्तियारवालाले दिएको निर्देशन अनुसारका कार्य,
- प्रत्यायोजित अधिकार अनुसारका कार्य,

**इ. अपाङ्गता अधिकार प्रवर्द्धन शाखा**

- अपाङ्गता भएका व्यक्तिहरु सम्बन्धी कानून,मापदण्ड नियमन र अनुगमन सम्बन्धी कार्य
- अपाङ्गता भएका व्यक्तिहरु सम्बन्धी नीति,योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य ,

- अपाङ्गता भएका व्यक्तिहरुसंग सम्बन्धित विषयहरुको अध्ययन समन्वय सम्बन्धी कार्य,
- अपाङ्गता भएका व्यक्ति सम्बन्धी राष्ट्रिय एवं अन्तर्राष्ट्रिय दिवस मनाउन समन्वय र सहकार्य गर्ने सम्बन्धी कार्य,
- अपाङ्गता सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि महासन्धीहरुको प्रतिबद्धता, सम्झौता अनुसारका कार्यक्रमहरुको कार्यान्वयन एवं सम्पर्क, समन्वय र प्रतिवेदन तयार गर्ने सम्बन्धी कार्य,
- अपाङ्गता राष्ट्रिय निर्देशन समितिको सचिवालय सम्बन्धी कार्य,
- अपाङ्गता भएका व्यक्तिहरुको हकहित र सामाजिक सुरक्षाको व्यवस्था सम्वन्धमा अन्य सम्बद्ध निकायहरुसंग समन्वय गर्ने कार्य,
- जोखिममा रहेका अपाङ्गता भएका व्यक्तिहरुको संरक्षण सम्बन्धी कार्यक्रमहरु सञ्चालन सम्बन्धी कार्य ,
- शाखाको प्रगति प्रतिबेदन तयार गर्ने सम्बन्धी कार्य,
- शाखासँग सम्बन्धित विषयहरुमा विभिन्न निकायहरुबाट प्राप्त पत्रको जवाफदेहिता तथा पत्राचार सम्बन्धी कार्य,
- समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम सम्बन्धी (**CBR**) अतिअसक्त भएकाहरुको लागि आवासीय पुनस्थापना केन्द्र सम्बन्धी कार्य,
- सशर्त अनुदान दिएका अपाङ्गतासँग सम्बन्धित संघसंस्थाहरुसँगको समन्वय,सहकार्य र अनुगमन सम्बन्धी कार्य ,
- शाखामा कार्यरत आफु मातहतका कर्मचारीको सुपरिवेक्षक भई कार्यसम्पादन मूल्याङ्कन तथा कर्मचारी परिचालन सम्बन्धी कार्य,
- आफ्नो शाखाबाट सम्पादन भएका मुख्य-मुख्य विषयको सूचना मन्त्रालयका प्रवक्तालाई उपलब्ध गराउने सम्बन्धी कार्य
- अख्तियारवालाले दिएको निर्देशन अनुसारका कार्य,
- प्रत्यायोजित अधिकार अनुसारका कार्य,

**महिला सशक्तिकरण महाशाखा**

- महिला विकास, महिला हक एवं सशक्तिकरण, लैंगिक मूलप्रवाहीकरण, लैंगिक समानता सम्बन्धी नीति, कार्यक्रम तर्जुमा, समन्वय र सहजीकरण सम्बन्धी कार्य,
- महिला हिंसा ,मानव बेचविखन तथा ओसारपसार नियन्त्रण सम्बन्धी कार्य,
- महाशाखा अन्तर्गत रहेका विषयहरुको अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्य,
- लैङ्गिक हिंसा निवारण सम्बन्धी निरोधात्मक कार्य गर्न संघसंस्थासँग सन्धिसम्पर्क र ,अभिसन्धि ,सम्झौता , ,समन्वय सम्बन्धि कार्य
- राष्ट्रिय महिला आयोगको सम्पर्क विन्दुको रुपमा कार्य,
- महाशाखाको कार्यक्षेत्रसँग सम्बन्धित विषयका तथ्यांक संकलन र त्यस्ता तथ्यांकहरुलाई अद्यावधिक सम्बन्धी कार्य,
- महिला हिंसा, मानव वेचविखन तथा ओसारपसारबाट पीड़ित तथा प्रभावितहरुको उद्दार तथा संरक्षण सम्बन्धी कार्य,

- महाशाखाको कार्य क्षेत्र अन्तर्गत विनियोजित बजेटको अधिनमा रही वार्षिक कार्यक्रम तोकिएको अवधी भित्र सम्पन्न गर्ने सम्बन्धी कार्य,
- महाशाखा अन्तर्गत रहेका विषयहरुमा कानूनद्वारा स्थापित कोषहरुको व्यवस्थापन सम्बन्धी कार्य,
- लैंगिक मूलप्रवाहीकरण सम्बन्धमा सहजकर्ता,समन्वयकर्ता सम्पर्क सूत्रको कार्य ,
- महिलाहरुको आर्थिक तथा सामाजिक सशक्तिकरण सम्बन्धी आयोजना सञ्चालनको लागि समन्वय र सहकार्य ,
- पुनर्स्थापना केन्द्रको संचालनमा समन्वय र सहजीकरण तथा अनुगमन,
- राष्ट्रिय लैंगिक सम्पर्क विन्दुको रुपमा कार्य,
- अन्य तोकिए बमोजिमका कार्यहरु,

**अ. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा**

- मानव बेचबिखन तथा ओसारपसार विरुद्ध आवश्यक नीति, योजना, कानून तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन,
- विदेशमा अलपत्र परेका पीडितको उद्धार गर्ने तथा निजको सहमतिमा स्वदेश फर्काउने सम्बन्धी नीति, योजना, कार्यक्रम र कार्यविधि तर्जुमा,
- नेपाल पक्ष भएका मानव बेचबिखन तथा ओसारपसार सँग सम्बन्धित अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सन्धि सम्झौता अन्तर्गतका दायित्वहरु कार्यान्वयन सम्बन्धी कार्यहरुको समन्वय र अनुगमन एवं सोको आवधिक प्रतिबेदन तयारीको सहजीकरण सम्बन्धी कार्य,
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण जिल्ला ,स्थानीय समितिहरुको काम कारवाहीको समन्वय तथा अनुगमन गर्न सघाउ पुर्याउने सम्बन्धी कार्य,
- मानव बेचबिखन नियन्त्रणसँग सम्बन्धित राष्ट्रिय एवं अन्तर्राष्ट्रिय संस्थासँग समन्वय र सहकार्य,
- मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण राष्ट्रिय समितिको सचिवालयका रुपमा काम गर्ने,
- शाखाको प्रगति विवरण तयार गर्ने सम्बन्धी कार्य,
- मानव बेचविखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय दिवस मनाउन समन्वय र सहकार्य गर्ने,
- मानव बेचबिखन पीडित प्रभावितको लागि संचालित पुनर्स्थापना केन्द्रको व्यवस्थापन सहजीकरण, समन्वय, अनुगमन सम्बन्धी कार्य,
- मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी राष्ट्रिय प्रतिबेदन प्रकाशन सम्बन्धी कार्य,
- शाखामा कार्यरत आफु मातहतका कर्मचारीको सुपरिवेक्षक भई कार्यसम्पादन मूल्याङ्कन तथा कर्मचारी परिचालन सम्बन्धी कार्य,
- आफ्नो शाखाबाट सम्पादन भएका मुख्य-मुख्य विषयको सूचना मन्त्रालयका प्रवक्तालाई उपलब्ध गराउने सम्बन्धी कार्य,
- अख्तियारवालाले दिएको निर्देशन अनुसारको कार्य,
- प्रत्यायोजित अधिकार अनुसारको कार्य,

**आ. महिला विकास तथा लैंगिक मूलप्रवाहीकरण शाखा**

- महिला हक, महिला सशक्तीकरण, लैंगिक मुलप्रवाहीकारण र लैंगिक समानता सम्बन्धी राष्ट्रिय नीति, ऐन, नियम, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन,
- महिला उपर हुने सवै प्रकारका भेदभाव विरुद्धको महासन्धि र बेइजिङ्ग घोषणा पत्र सम्बन्धी आवधिक प्रतिवेदन तयार गर्ने कार्यमा सहयोग,
- नेपाल पक्ष राष्ट्र भएका महिलाको हक्र अधिकारसंग सम्बन्धित अन्तरराष्ट्रिय तथा क्षेत्रीय सन्धि सम्झौता अन्तर्गतका दायित्वहरु कार्यान्वयन सम्बन्धी कार्यहरुको समन्वय र अनुगमन,
- महिला सशक्तिकरण र लैंगिक समानताको लागि विभिन्न सरकारी, गैरसरकारी तथा विकासका साझेदार निकायहरु बीच समन्वय तथा सहकार्य,
- महिला सशक्तिकरण, लैंगिक मूलप्रवाहीकरण र लैंगिक समानता सम्बन्धी कार्यक्रमको राष्ट्रिय सम्पर्क विन्दुको कार्य,
- महिला उत्थान तथा सशक्तिकरणका कार्यक्रमहरुको कार्यान्वयन एवम अनुगमन गर्न सहयोग,
- महिला सशक्तिकरण, लैंगिक मूलप्रवाहीकरण र लैंगिक समानता सम्बन्धी राष्ट्रिय नीति नियम तथा कानूनी अवस्थाबारे सरोकार पक्षहरुलाई सूचना प्रवाह,
- महिला अधिकार सुनिश्चितता तथा मूल प्रवाहीकरणका लागि विभिन्न चेतनामूलक कार्यक्रमहरु संचालन गर्न सहयोग तथा समन्वय गर्ने,
- शाखाका प्रगति प्रतिबेदन तयार गर्ने सम्बन्धी कार्य,
- सामाजिक, आर्थिक तथा राजनीतिक क्षेत्रका महिला सहभागिता अभिवृद्धि गर्न नेतृत्व विकास सम्बन्धी विशेष कार्यक्रमहरु संचालन गर्न समन्वय तथा सहकार्य,
- महिला सशक्तिकरण तथा लैंगिक समानताका विषयमा अध्ययन अनुसन्धान गर्ने,
- लैंगिक मूलप्रवाहीकरण सम्बन्धमा सहजकर्ता, समन्वयकर्ता र सम्पर्क सूत्रको कार्य,
- महिलाहरुको आर्थिक तथा सामाजिक सशक्तिकरण सम्बन्धी आयोजना सञ्चालनको लागि समन्वय र सहकार्य,
- लैंगिक सम्पर्क व्यक्ति सम्बन्धी सम्पर्क शाखाको रुपमा कार्य गर्ने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महिला दिवस मनाउन समन्वय र सहकार्य गर्ने,
- एकल महिलाको हक हित सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा गरी कार्यान्वयन र अनुगमन गर्ने ,
- दिगो विकास लक्ष्य प्रासिका लागि आवश्यक कार्यक्रम गर्ने,
- शाखामा कार्यरत आफु मातहतका कर्मचारीको सुपरिवेक्षक भई कार्यसम्पादन मूल्याङ्कन तथा कर्मचारी परिचालन सम्बन्धी कार्य,
- आफ्नो शाखाबाट सम्पादन भएका मुख्य-मुख्य विषयको सूचना मन्त्रालयका प्रवक्तालाई उपलब्ध गराउने सम्बन्धी कार्य,
- अख्तियारवालाले दिएको निर्देशन अनुसारको कार्य,
- प्रत्यायोजित अधिकार अनुसारको कार्य,

**इ. लैंगिक हिंसा निवारण शाखा**

- लैंगिक हिंसा निवारणसम्बन्धी राष्ट्रिय नीति तथा योजना कार्यक्रम तर्जुमा तथा कार्यान्वयन,
- लैंगिक हिंसा सम्बन्धी निरोधात्मक र पुनर्स्थापना सम्बन्धी कानून र मापदण्ड निर्माण तथा कार्यान्वयन,
- लैंगिक हिंसा, मानव वेचविखन, कुरीतीजन्य हिंसा लगायतका विभिन्न प्रकारका हिंसाबाट पीड़ित तथा प्रभावितको उद्वार पुनर्स्थापना र संरक्षण सम्बन्धी कार्यको समन्वय र सहकार्य,
- लैंगिक हिंसा विरुद्धको दिवस मनाउन समन्वय र सहकार्य,
- शाखाको प्रतिवेदन तयार गर्ने सम्बन्धी कार्य,
- लैंगिक हिंसा निवारण सम्बन्धी कार्यक्रमको केन्द्रविन्दुको रुपमा राष्ट्रिय एवं अन्तराष्ट्रिय संस्थासँग समन्वय एवं सहयोग,
- महिला हिंसा विरुद्ध नीति निर्माण तथा कार्यान्वयनमा सहयोग तथा समन्वय गर्ने,
- लैंगिक हिंसा नियन्त्रणसँग सम्बन्धित सरकारी तथा गैरसरकारी निकायसंग समन्वय र सहकार्य,
- अन्तराष्ट्रिय मञ्चमा नेपाल सरकारले गरेको प्रतिबद्धता अनुरुप पेश गर्नुपर्ने प्रगति, आवधिक प्रतिवेदन तयारी एवं समन्वय सम्बन्धी कार्य,
- शाखामा कार्यरत आफु मातहतका कर्मचारीको सुपरिवेक्षक भई कार्यसम्पादन मूल्याङ्कन तथा कर्मचारी परिचालन सम्बन्धी कार्य,
- आफ्नो शाखाबाट सम्पादन भएका मुख्य-मुख्य विषयको सूचना मन्त्रालयका प्रवक्तालाई उपलब्ध गराउने सम्बन्धी कार्य,
- अख्तियारवालाले दिएको निर्देशन अनुसारको कार्य,
- प्रत्यायोजित अधिकार अनुसारको कार्य,
- तथ्यांक विश्लेषण तथा प्रकाशन शाखा
- मन्त्रालयसँग सम्बन्धित तथ्यांक तथा सूचनाहरु अद्यावधिक गराई प्रकाशन सम्बन्धी कार्य,
- शाखाको वार्षिक कार्यक्रम तर्जुमा तथा कार्यान्वन,
- शाखाको प्रगति विवरण तयार गरी सुपरिवेक्षक समक्ष पेश गर्ने,
- मन्त्रालयसँग सम्बन्धित  विषयमा अध्ययन अनुसन्धान कार्यमा सहजीकरण गर्ने,
- लैंगिक तथा यौनिक अल्पसंख्यक सम्बन्धी कार्य,
- मन्त्रालय र अन्तर्गतका निकायहरुबाट संचालित गतिबिधिहरु र महिला तथा बालबालिकासंग सम्बन्धित लेख रचनाहरु संकलन गरी सशक्तिकरण पत्रिका प्रकाशन कार्य,
- मन्त्रालयको पुस्तकालयलाई अद्यावधिक गराउने,
- शाखामा कार्यरत आफु मातहतका कर्मचारीको सुपरिवेक्षक भई कार्यसम्पादन मूल्याङ्कन तथा कर्मचारी परिचालन सम्बन्धी कार्य,
- आफ्नो शाखाबाट सम्पादन भएका मुख्य-मुख्य विषयको सूचना मन्त्रालयका प्रवक्तालाई उपलब्ध गराउने सम्बन्धी कार्य,
- अख्तियारवालाले दिएको निर्देशन अनुसारको कार्य,

- प्रत्यायोजित अधिकार अनुसारको कार्य,

**उ. राष्ट्रपति महिला सशक्तीकरण परियोजना**

- शाखासँग सम्वन्धित नीति, योजना, कार्यक्रम तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य,
- दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुलाई हवाई उद्धार गरी तोकिएका पायक पर्ने निर्दिष्ट अस्पतालमा पुर्‍याउने व्यवस्था सम्बन्धी कार्य,
- दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरुको हवाई उद्धार तथा संरक्षण सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयन एवं सम्पर्क,समन्वय सम्बन्धी कार्य ,
- शाखासँग सम्बन्धित विषयहरुमा विभिन्न निकायहरुबाट प्राप्त पत्रको जवाफदेहिता तथा पत्राचार सम्बन्धी कार्य,
- शाखाको प्रगति प्रतिबेदन तयार गर्ने सम्बन्धी कार्य,
- शाखामा कार्यरत आफु मातहतका कर्मचारीको सुपरिवेक्षक भई कार्यसम्पादन मूल्याङ्कन तथा कर्मचारी परिचालन सम्बन्धी कार्य,
- आफ्नो शाखाबाट सम्पादन भएका मुख्यमुख्य- विषयको सूचना मन्त्रालयका प्रवक्तालाई उपलब्ध गराउने सम्बन्धी कार्य,
- अख्तियारवालाले दिएको निर्देशन अनुसारको कार्य,
- प्रत्यायोजित अधिकार अनुसारको कार्य,

**घ. <u>मन्त्रालयबाट प्रदान गरिने सेवा</u>**

